# पर्वत जिल्ला अदालत

कुश्मा, पर्वत

मिति:२०७६।०५।२१

सूचना ! सूचना !! सूचना !!!

यस अदालतको मिति २०७६।०४।१७ गतेको निर्णयानुसार विभिन्न अड्डा अदालतमा लेखापढी गर्नका लागि लेखापढीको प्रमाणपत्र लिन निम्न योग्यता पुगेका सम्पूर्ण इच्छुक उम्मेदवारहरूको दरखास्त आह्वानको लागि मिति २०७६।४।२१ मा ३० दिने सूचना प्रकाशित गरिएकोमा सुचनाको म्याद भित्र पर्याप्त मात्रामा दरखास्त पर्न नआएको र ईच्छुक व्यक्तिहरुबाट म्याद थपको अनुरोध समेत भई आएको हुँदा आजका मितिले पुन १५ दिनको लागी म्याद थप गरि सूचना प्रकाशित गरीएको छ ।

१. आवश्यक योग्यता

(क) शैक्षिक योग्यता :- **SEE/SLC** वा सो सरह

(ख) १६ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्ने।

२. **दरखास्त बुझाउनु पर्ने अन्तिम मिति** :- सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सो दिन बिदा परे त्यसको भोलिपल्ट बुझाउन सकिने।

३. **दरखास्त शुल्क** :- रु.१००।-

४. **परीक्षाको किसिम** :- लिखित तथा अन्तरवार्ता

५. **लिखित परिक्षा हुने मिति** :- सम्पर्क मितिमा तोकिने छ।

६. **सम्पर्क मिति र स्थान** :- २०७६।०६।०६ **सो दिन बिदा परे सो को भोलिपल्ट ।**
**(पर्वत जिल्ला अदालत)**

७. **दरखास्तसँग पेस गर्नुपर्ने कागजातहरू:**

क) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग) पासपोर्ट साइजको फोटो ३ प्रति

घ) पर्वत जिल्ला अदालत बार इकाईले तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा उक्त बार इकाइसँग समन्वय गरी तालिम लिन सकिने छ ।

- दरखास्त फारामको ढाँचा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ को अनुसूची १ को नियम ३(१) सँग सम्बन्धित हुनुपर्नेछ। दरखास्त फाराम अदालतबाट उपलब्ध गराइने छ।
- अन्य जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्न हुन ।

२०७६।५।२२

..........................

जीवनकुमार पौडेल

स्रेस्तेदार

स्रेस्तेदार (प्रा.अ.)